बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# प्रभु येशूको जन्म



लेखन: Edward Hughes

चित्र: M. Maillot

संयोजन: E. Frischbutter; Sarah S.

अनुवाद: B.K. Shrestha

प्रकाशक: Bible for Children
www.M1914.org

©2011 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

धेरै पहिला परमेश्वरले गब्रिएल स्वर्गदूतलाई मरियम नाम गरेकी एउटी सुन्दरी यहूदी कन्याकहाँ पठाउनुभयो। तिनले उनलाई भने, “तिमीले एउटा छोरो जन्माउनेछ्यौ र उहाँको नाम येशू राख्नेछ्यौ। उहाँ परमप्रधानका पुत्र कहलाइनुहुनेछ। उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।”



छक्क परेकी ती केटीले सोधिन्, “यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ ?” ती बालक परमेश्वरको तर्फबाट आउनुहुनेथियो भनी स्वर्गदूतले मरियमलाई भने ।
उहाँको कुनै मानव
पिता थिएन ।



मरियमकी नातेदार एलीशिबाले
वृद्धावस्थामा बालक जन्माउन
लागेकी थिइन् भनी ती स्वर्गदूतले
मरियमलाई भने। यो पनि
एउटा आश्चर्यकर्म थियो।
त्यसको लगत्तै मरियम
एलीशिबालाई भेट्न
गइन्। तिनीहरूले
सँगसँगै परमेश्वरको
प्रशंसा गरे।



मरियमको मगनी योसेफ नाम
गरेका पुरुषसँग भएको थियो।
मरियम गर्भवती भएको थाहा
पाएर योसेफ दुःखी भएका
थिए। तिनले ती बालकको
पिता अर्कै थियो
भनी सोचे।



यी बालक परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनी परमेश्वरका स्वर्गदूतले योसेफलाई सपनामा भनिदिए । प्रभु येशूको हेरचाह गर्नमा योसेफले मरियमलाई सहायता गर्नुपर्दथ्यो ।



योसेफले परमेश्वरमाथि भरोसा गर्दै उहाँको आज्ञा पालन गरे। तिनले आफ्नो देशको कानुन पनि माने। नयाँ कानुनअनुसार तिनी र मरियम कर तिर्नको लागि आफ्नो गृहनगर बेथलेहेमतिर लागे।




मरियमको सुत्केरी हुने
बेला आयो। तर योसेफले
कहीँ पनि बस्ने ठाउँ
पाएनन्। सबै पौवाहरू
भरिएका थिए।

अन्त्यमा योसेफले एउटा गोठ भेट्टाए । त्यहाँ नै बालक येशूको जन्म भयो ।
उहाँकी आमाले उहाँलाई डूँडमा राखिन् जहाँ
जनावरहरूलाई खाना
दिइन्छ ।



नजिकै गोठालाहरू आफ्ना बगालको रक्षा गर्दै बसेका थिए।
परमेश्वरका स्वर्गदूत देखा परेर तिनीहरूलाई
अचम्भको खबर बताए।




“आज दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म
भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। तिमीहरूले
एउटा बालकलाई डूँडमा
सुताइराखेको
भेट्टाउनेछौ।”

अचानक, परमेश्वरको प्रशंसा गर्दै धेरैजना चम्किला स्वर्गदूतहरू देखा परे, “सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा मानिसहरूलाई शान्ति ।”



ती गोठालाहरू हतारिँदै त्यो गोठतिर लागे। ती बालकलाई देखेपछि तिनीहरूले प्रभु येशूको बारेमा स्वर्गदूतहरूले भनेका कुरा सबैलाई बताए।





चालीस दिनपछि, योसेफ र मरियमले प्रभु येशूलाई यरूशलेमको मन्दिरमा ल्याए । त्यहाँ बालक प्रभु येशूलाई देखेर शिमियोन नाम गरेका मानिसले परमेश्वरको प्रशंसा गरे र परमप्रभुकी अर्की दासी वृद्ध हन्नाले परमेश्वरलाई धन्यवाद चढाइन् ।





ती दुवैले प्रभु येशू परमेश्वरका पुत्र, प्रतिज्ञा गरिनुभएका उद्धारकर्ता हुनुहुन्थ्यो भनी थाहा पाए। योसेफले दुईवटा चरा बलिदान चढाए। योचाहिँ गरिब मानिसहरूले नवजात शिशुलाई परमप्रभुकहाँ अर्पण गर्न ल्याउँदा चढाउनुपर्ने भेटी थियो।


केही समयपछि एउटा
विशेष ताराले यरूशलेमको
पूर्वतिरको देशका ज्ञानी
मानिसहरूलाई
अगुवाइ गऱ्यो ।
“यहूदीहरूका राजा भई जन्मने कहाँ
हुनुहुन्छ ?” तिनीहरूले सोधे । “हामी
उहाँलाई दण्डवत् गर्न आएका छौं ।”

हेरोद राजा ती मानिसहरूका कुरा सुनेर आत्तिए। प्रभु येशूलाई भेट्टाएपछि आफूलाई पनि जानकारी दिन तिनले ती मानिसहरूलाई अनुरोध गरे। “म पनि तिनलाई दण्डवत् गर्नेछु,” हेरोदले भने। तर तिनले झूटो बोलिरहेका थिए। हेरोदले त प्रभु येशूलाई मार्न चाहेका थिए।



त्यो ताराले ती ज्ञानी मानिसहरूलाई
मरियम र योसेफ नवजात शिशुलाई
लिएर बसेकै घरमा पुर्‍यायो । घुँडा
टेकेर दण्डवत् गरी ती यात्रीहरूले
प्रभु येशूलाई सुन र अत्तरका
बहुमूल्य उपहारहरू
दिए ।



परमेश्वरले ती ज्ञानी मानिसहरूलाई गोप्य तरिकाले घर फर्कन चेताउनी दिनुभयो। हेरोद क्रोधित भए। प्रभु येशूलाई नाश पार्ने अठोट गरेका ती दुष्ट शासकले बेथलेहेमका सबै बालकहरूलाई मारे।





तर हेरोदले परमेश्वरका पुत्रलाई
हानि पुऱ्याउन सकेनन् ! सपनामा
चेताउनी पाएर योसेफले मरियम
र प्रभु येशूलाई सुरक्षाको
निम्ति मिश्रदेशमा लगे ।



हेरोदको मृत्यु भएपछि
योसेफले मरियम र प्रभु येशूलाई
मिश्रदेशबाट फर्काएर ल्याए। उहाँहरू गालील
समुद्रको नजिकै पर्ने नासरत भनिने सानो नगरमा बसोवास गर्नुभयो।

# प्रभु येशूको जन्म

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

मत्ती १-२, लूका १-२
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो! यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ! अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर! यूहन्ना ३:१६